# स्थानीय राजपत्र

बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : संख्या : मिति : २०८१/१२/१४

भाग–


# बाल अधिकार संरक्षण तथा प्रवर्दन सम्बन्धी कार्यविधि, २०८१

# बोगटान फुड्सिल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# चवरा चौतारा, डोटी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बोगटान फुड्सिल गाँउपालिकाको गाँउकार्यपालिकाले बनाएको देहायबमोजिम कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।
बालअधिकार संरक्षण तथा प्रर्वद्धन सम्बन्धी कार्यविधि, २०७८ (संशोधन २०८१)

**प्रस्तावनाः**
बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र संवर्द्धनका लागि नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन २०७५ लगायत सङ्घीय कानुनमा भएका प्रावधानहरुको कार्यान्वयन सहित स्थानीय तहले बालबालिकाको अधिकारको प्रचलनद्वारा बालबालिकालाई संरक्षण प्रदान गर्दै बालमैत्री स्थानीय सुशासन प्रवर्द्धन गरी बालबालिकाको सर्वोत्तम हित र सर्वाङ्गीण विकास सुनिश्चितका लागि कार्यविधि बनाई लागु गर्न वाञ्चनीय भएकोले, बोगटान फुड्सिल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम बालअधिकार संरक्षण तथा प्रर्वद्धन सम्बन्धी कार्यविधि, २०७८( संशोधन २०८१) रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरे पछि बोगटान फुड्सिल गाउँपालिका भर तुरुन्त लागु हुने छ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उपाध्यक्ष" भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ ।

(ग) "कार्यविधि" भन्नाले गाउपालिकाद्वारा जारी गरिएको बालअधिकार संरक्षण तथा प्रर्वद्धन सम्बन्धी कार्यविधि, २०७८(संशोधन २०८१) सम्झनुपर्दछ ।

(घ) "तोकिएको वा तोकिएबामोजिम" भन्नाले सङ्घीय, प्रदेश वा स्थानीय कानुनमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ । सो पदावलीले कार्यविधिको कार्यान्वयनको सिलसिलामा स्थानीय तहको कार्यपालिकाले तोकेको वा तोकिएबमोजिम समेत जनाउँछ ।

(ङ) "परिवार" भन्नाले एकाघरका आमा, बाबु, हजुरआमा, हजुरबुबा, दाजु, भाई, दिदी बहिनीलाई सम्झनुपर्दछ र संरक्षक वा माथवरका संरक्षणमा रहने बालबालिकाको हकमा सो शब्दले संरक्षक वा माथवरलाई समेत जनाउँछ ।

(च) "बाल अधिकार समिति" भन्नाले ऐनको दफा ६० बमोजिम गठित बाल अधिकार समिति सम्झनुपर्छ ।

(छ) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिमको अधिकारी सम्झनुपर्छ ।

(ज) "बाल कोष" भन्नाले ऐनको दफा ६३ को उपदफा १ अनुसार कार्यविधिको परिच्छेद ९ बमोजिमको स्थानीय बाल कोष सम्झनुपर्छ ।

(झ) "बालगृह" भन्नाले ऐनको दफा ५२ अनुसारको बालगृह सम्झनुपर्छ ।

(ञ) "बालगृह मापदण्ड" भन्नाले ऐनको दफा ५२ बमोजिमको मापदण्ड सम्झनुपर्छ ।

(ट) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नभएको व्यक्ति सम्झनुपर्छ ।

(ठ) "बाल संस्था" भन्नाले कार्यविधि बमोजिम स्थानीय तहमा दर्ता भै स्थानीय क्षेत्रमा सञ्चालनमा रहेको वा सञ्चालन हुने बाल क्लब वा संस्था सम्झनुपर्छ । सो पदावलीले त्यस्ता क्लब वा संस्थाहरुको सञ्जाललाई समेत सम्झनुपर्छ ।

(ड) "मनोसामाजिक सेवा" भन्नाले बाल मनोवैज्ञानिक, विशेषज्ञ, मनोसामाजिक विमर्शकर्ताद्वारा गरिने आकलन, लेखाजोखा, विमर्श, प्रेषण, निदान र उपचार सम्बन्धी सेवा सम्झनुपर्छ ।

(ढ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(ण) "वडाअध्यक्ष" भन्नाले स्थानीयतह अर्न्तगतको वडाअध्यक्ष, वडा समितिको अध्यक्ष वा सो हैसियतमा काम गर्ने पदाधिकारी सम्झनुपर्छ । सो शब्दले वडाअध्यक्षको कार्यवाहक भई काम गर्ने अख्तियार पाएको सदस्यलाई समेत जनाउँछ ।

(त) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनुपर्छ ।

(थ) "समाजसेवी वा मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम सूचिकृत समाजसेवी वा मनोविज्ञ व्यक्तिलाई सम्झनुपर्छ । सो पदावलीले सम्बन्धित बिषयमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत जनाउन्छ ।

(द) "सेवाप्रदायक" भन्नाले स्थानीय तहको क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका वा प्रवाह गर्ने दायित्व भएकासरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य सार्वजनिक निकायलाई सम्झनुपर्छ । सो पदावलीले सार्वजनीक सेवा प्रदान गर्ने निजी क्षेत्रबाट सञ्चालित बैङ्किङ वा सुचना सञ्चारसम्बन्धी सेवाप्रदायकलाई समेत जनाउँछ ।

(ध) "गाँउपालिका" भन्नाले बोगटान फुड्सिल गाँउपालिका सम्झनु पर्दछ ।

(न) "स्वास्थ्यकर्मी" भन्नाले अनुमति प्राप्त गर्ने निकायबाट चिकित्सक, स्वास्थ्य सहायक वा स्वास्थ्यसेवा दिन इजाजतप्राप्त स्वास्थ्यकर्मी सम्झनुपर्छ ।

(प) "संस्था" भन्नाले स्थानीय तहको क्षेत्रभित्र बालगृह वा बालसुधारगृह सञ्चालन गर्ने संघसंस्था सम्झनुपर्छ । सो शब्दले बाल अधिकार संरक्षण र सवर्द्धनका लागि कानुनबमोजिम सञ्चालित गैरसरकारी सामुदायिक संस्थालाई समेत जनाउँछ ।

**३. उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) सबै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा सम्वर्धन गर्न,

(ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्तिक्षेत्र अभियान प्रवर्द्धन गर्न

(ग) बालबालिकासँग सरोकार राख्ने स्थानीय विकासका हरेक प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ।

(घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनिकरण गर्न ।

(ङ) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्यांक, जन्मदर्ता) व्यवस्थापन गर्न ।

(च) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरु बीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्न ।

## परिच्छेद- २
## बाल अधिकार तथा संरक्षण सम्बन्धी आधारभूत सिद्धान्तहरु

**४. बाल अधिकार सम्बन्धी प्रचलनकारी आधारभूत सिद्धान्तः** बालबालिकाका मूलभूत मानवअधिकार तथा मौलिक स्वतन्त्रताको सुनिश्चय स्वरुप बालबालिकासंग सम्बन्धित कुनै पनि कार्य गर्दा बालअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनमा उल्लेख भएबमोजिम देहायका सिद्धान्तहरुलाई अवलम्बन गरिने छ :-

(क) मर्यादापूर्ण जीवनको सम्मानः बालबालिकालाई स्वतन्त्र व्यक्तिको हैसियतको प्रतिष्ठा मर्यादामा आघात नपर्ने गरी व्यवहार गर्ने र तिनको स्वतन्त्र पहिचानलाई तिनका आमाबुबा, संरक्षक वा माथवर व्यक्तिको व्यक्तित्वसंग अन्तरभूत बिषयको रुपमा व्यवहार नगर्ने,

(ख) सर्वाङ्गीण विकासको सुनिश्चितताः मानव वा व्यक्तिको रुपमा प्रत्येक बालबालिकामा रहेका प्रतिभा, क्षमत र सम्भाव्यताको पूर्ण प्रस्फुटन हुन पाउने अवसर उपलब्ध गराउँदै तिनको विकासको अधिकारलाई प्रचलनमा ल्याउन हरसम्भव प्रयास गर्ने,

(ग) सहभागिता र अभिमतको सम्मानः नागरिक जीवनको तयारीको रुपमा सामाजिक र सार्वजनीक जीवनमा तिनको सहभागितालाई यथासम्भव बढी स्थान दिने गरी अवसर सिर्जना गरिनेछ । बालबालिकाकै बिषयमा गरिने कुनै पनि कार्यक्रम वा क्रियाकलापमा तिनलाई अधिकाधिक सहभागि गराईने र तिनलाई प्रभाव पर्ने बिषयमा निर्णय लिनुपर्दा सो बिषयमा सम्बन्धित बालबालिकालाई तिनको बिचार वा अभिमत प्रकट गर्ने अवसर दिने र सोको सम्मान गर्ने,

(घ) संरक्षणको सुनिश्चितताः प्रत्येक बालबालिकालाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, सामाजीक, शारीरिक तथा यौनशोषण, भेदभाव, शारीरिक, मनोवैज्ञानिक, बौद्धिक तथा भावनात्मक दुर्व्यवहारबाट जोगाई संरक्षण सुनिश्चित गर्ने ।

**५. बाल संरक्षणका आधारभूत सिद्धान्तः** गाउँपालीका क्षेत्रभित्रबालबालिकाको अधिकारको सम्मान र संरक्षण तथा परिपूर्ति गर्ने प्रयोजनमा बालअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनमा उल्लेख भएबमोजिम देहायका सिद्धान्तहरुलाई अवलम्बन गरिने छ :-

(क) मर्यादापूर्ण व्यवहार गर्नेः प्रत्येक बालबालिकाको व्यक्तिगत सम्मान, मर्यादा तथा व्यक्तिगत गोपनियता खण्डित हुन नदिई व्यवहार गर्ने,

(ख) निर्विभेदताः प्रत्येक बालबालिकालाई निज वा निजका आमाबाबु वा संरक्षकको वर्ण, जात-जाति, लिङ्ग, यौनिकता, भाषा, धर्म, उत्पत्ति, वैचारिक आस्था, क्षेत्र, सम्पत्ति, अपाङ्गता, जन्म वा यस्ता अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने र भेदभावरहित रुपमा तिनको उमेरसुहाउदो व्यवहार गर्ने,

(ग) बालबालिकाको सर्वोत्तम हितः बालबालिकासँग सम्बन्धित कुनै निर्णय गर्नुपर्दा उसको सवौत्तम हितलाई प्राथमिकता दिने,

(घ) व्यक्तिगत विवरणको गोपनियता पालना गरिनेः बालबालिकाको नाम सहित व्यक्तिगत पहिचान सम्बन्धी विवरणमा सम्वन्धित बालबालिका, निजका आमाबुबा, परिवारका सदस्य वा संरक्षक र कानुनबमोजिम अख्तियारप्राप्त अधिकारीबाहेक अन्यको पहुँचको बिषय हुने छैन । तर व्यक्तिगत पहिचान नखुल्ने बालबालिकाको एकीकृत तथ्यांकको रुपमा बालबालिका सम्बन्धी विविधीकृत तथ्यांक सरोकारवालालाई गाउँपालिकाबाट प्राप्त हुनेछ ।

## परिच्छेद ३
## बाल अधिकारको संरक्षण तथा प्रचलन

**६. बाल अधिकारको संरक्षण गर्नुपर्नेः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाका अधिकारहरुको संरक्षण र प्रचलन ऐनको दफा ६४ बमोजिम गर्न गराउन सक्नेछ ।

**७. आवश्यक सेवाप्रवाह सुनिश्चित गर्नेः** (१) बालअधिकारको संरक्षण तथा प्रचलनको प्रयोजनका लागि स्थानीय तहले आफ्ना क्षेत्रभित्रका सबै बालबालिकाका लागि निम्नानुसारको सेवा सुलभ र सुनिश्चित रुपले प्रवाह गर्नेछ ।

(क) गर्भवती महिलाको स्वास्थ्य र शिशुको स्वस्थ जन्मको लागि आमा तथा शिशु दुबैको नियमित स्वास्थ्य परीक्षण, स्वास्थ्यस्याहार तथा पोषणको बन्दोवस्त,

(ख) राष्ट्रिय खोपतालिका बमोजिम खोप सेवा,

(ग) क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुद्वारा निःशुल्क स्वास्थ्य परिक्षण तथा औषधी सुविधा सहितको द्वैमासिक रुपमा विद्यालय स्वास्थ्य सिविर सञ्चालन,

(घ) क्षेत्रभित्रका बालबालिकालाई सामाजिक सेवा तथा मनोवैज्ञानिक सेवा दिने समाजसेवी र मनोविज्ञको सूचिकरण र उपलब्ध जनशक्तिको अद्यावधिक अभिलेख व्यवस्थापन तथा सेवा प्रवाह,

(ङ) हिंसा, परित्याग वा अन्य दुर्व्यवहारबाट पीडित बनेका बालबालिकाको उद्धार, उपचार तथा अल्पकालीन स्याहारको बन्दोवस्त,

(च) विपद् तथा प्रकोप (भूकम्प, बाढी, पहिरो, आगलागी, वन्यजन्तुको आक्रमण) प्रभावित बालबालिकाको उद्धार, उपचार तथा अल्पकालीन स्याहार सहायता,

(छ) स्थानीय चाडपर्व, विवाह भोज, मेला आदिमा बालबालिकाको सुरक्षार्थ प्राथमिक सेवा,

(ज) क्षेत्रभित्रका बालबालिकाको निवार्ध जन्मदर्ता,

(झ) विशिष्टीकृत सेवा उपलब्ध हुने निकाय वा सेवाप्रदायक समक्ष प्रेषण तथा सिफारिस,

(ञ) आपतमा परेका, बेवारिस फेला परेका वा हराएका बालबालिकाको तत्काल खोज, उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि वाल हेल्पलाईन तथा खोजतलास सेवा,

(ट) बालहित तथा बालमैत्री वातावरणमा सेवा पाउने सुनिश्चितताका लागि आवश्यक अन्य बन्दोबस्त ।

२. गाउँपालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका सार्वजनिक, सामाजिक वा निजी सेवाप्रदायक निकाय, संस्था, विद्यालयहरुमा बालमैत्री सेवाप्रवाह तथा बालबालिका विरुद्धका कुनै पनि प्रकारका हिंसा वा दुर्व्यवहार

रोकथाम तथा निवारणकालागि स्थानीय तहले बालअधिकार संरक्षण मापदण्ड निर्माण गरी लागू गर्न गराउनेछ ।

३. गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाको संरक्षणका लागि देहायका उपायहरुअवलम्बन गर्नेछ :-

(क) विद्यालयमा राजनीतिक गतिविधि गर्न र बालबालिकालाई दलगत राजनीतिक क्रियाकलापमा सहभागी गराउने कार्यलाई निषेध गर्ने,

(ख) विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्ने वा विद्यालयबाट निष्कासन गर्ने परिपाटीको अन्त्य गर्ने,

(ग) बालबालिकाको उपस्थिति रहने विद्यालय तथा अन्य सेवाप्रवाह गरिने स्थानमा तिनकालागि सफा पिउनेपानी, आरामकक्ष, शौचालय तथा किशोरीका लागि मासिक रुपमा सेनेटरी प्याड सहितका प्राथमिक स्वास्थ्य उपचार सामाग्रीको बन्दोबस्त गर्ने,

(घ) विद्यालय र समुदायमा बालबालिका विरुद्ध हुन सक्ने सबै प्रकारका हानिको रोकथाम तथा भयरहित शिक्षण तथा सामुदायिक सिकाईकालागि बाल क्लब मार्फत बालबालिकाका रचनात्मक क्रियाकलापलाई प्रोत्साहित गर्ने,

(ङ) बालबालिका विरुद्ध हुन सक्ने हिंसा, दुर्व्यवहार तथा शोषणको अन्त्यका लागि समुदायमा आधारित संरक्षण प्रणाली क्रियाशील बनाउने र प्रेषण प्रणालीलाई प्रभावकारी पार्ने,

(च) गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारी वडाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई बाल अधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासन सम्बन्धी प्रशिक्षित गर्ने,

(छ) बाल संरक्षण तथा प्रेषण प्रणालीलाई वडा तथा गाउँपालिकाको योजना तथा बार्षिक कार्यक्रममा समावेश गरी नियमित चालु राख्ने,

(ज) प्रत्येक वडामा बाल उद्यान र खेलमैदान, पुस्तकालय तथा वाचनालयहरुको व्यवस्था तथा सञ्चालन गर्ने,

(झ) गाउँपालिका क्षेत्रभित्रका ४ देखि ५ बर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्र र ५ देखि १२ बर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउने बन्दोबस्त,

(ञ) बालविबाह तथा बालश्रमको प्रयोगजस्ता कानुनद्वारा निषेध गरिएका क्रियाकलापको निगरानी तथा कानुनी कारबाहीका लागि प्रेषण प्रणाली,

(ट) गाउँपालिका क्षेत्रभित्र कसैले ऐनको परिच्छेद २ अनुसारका बालअधिकारको उल्लङ्घन गरेमा वा परिच्छेद ३ अनुसारका दायित्व पूरा नगरेमा ऐनको दफा ६४ बमोजिम पीडित बालबालिकाको तर्फबाट निवेदन परेमा न्यायीक समितिले आवश्यक कारबाही गरी बालअधिकार प्रचलन गराउनेछ ।

**८. क्षेत्र भित्रका बालबालिकासम्बन्धी अद्यावधिक तथ्याङ्कीय विवरण राख्ने**: (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका १८ बर्षको उमेर पूरा नभएका सबै बालबालिकाको खण्डीत एकीकृत तथ्याङ्कीय विवरण अद्यावधिक गरी राख्नेछ ,

(२) गाउँपालिकाले यस्तो तथ्याङ्कीय अद्यावधिक विवरण वडागत रुपमा राख्न वडा समिति, वडाअध्यक्ष र वडा कार्यालयहरुलाई निर्दिष्ट गर्न सक्नेछ ।

(३) बालबालिकाको खण्डीत एकीकृत तथ्याङ्कीक विवरण अनुसूची १ बमोजिमको ढाचामा राखिनेछ ।

**९. बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता**: (१) बालबालिकाले प्रत्यक्ष सहभागी हुने र सेवा लिने निकायहरु वा सेवाप्रदायकका संरचना र व्यवहार बालमैत्री र बालबालिका सुरक्षित भएको सुनिश्चित गर्न गाउँपालिकाले मन्त्रालयले जारी गरेको मापदण्ड बमोजिम बालमैत्री अवस्थाको भौतिक प्राविधिक तथा मानवीय सहजताको लेखाजोखा गर्नेछ ।

(२) लेखाजोखा प्रतिवेदनको आधारमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने निकाय वा सेवाप्रदायक संस्थाको भौतिक संरचनालाई बालमैत्री तथा समावेशी हुने गरी निर्माण गर्न वा मर्मतसुधार गर्न लगाउन सक्नेछ ।

(३) बालबालिकालाई सेवा प्रदान गर्ने निकाय वा सेवाप्रदायकलाई सेवाप्रवाह बालमैत्री बनाउन गाउँपालिकाले निर्देशन दिन, क्षमता विकास तथा सुधारका कार्यका लागि सहायता प्रदान थर्नमा आवश्यक सहजीकरण गर्न सक्नेछ ।

## परिच्छेद ४
## बालबालिकाको विशेष संरक्षण तथा पुनःस्थापना

**१०. वैकल्पिक हेरचाहको प्रवन्धः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा फेला परेका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि ऐनको दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको प्रवन्ध गर्नेछ ।

(२) ऐनको दफा ४८ (१) को खण्ड (क) देखि (ङ) सम्म उल्लेख भएका कुनै पनि बालबालिका गाउँपालिकाको क्षेत्र भित्र असंरक्षित वा वेवारिस अवस्थामा रहेको सुचना प्राप्त हुनासाथ बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहको प्रवन्ध यथाशीघ्र मिलाउनुपर्नेछ ।

(३) वैकल्पिक हेरचाहको प्रबन्धको प्राथमिक विचार गर्दा बालकल्याण अधिकारीले सर्वप्रथम हेरचाह आवश्यक बाबु वा आमातर्फका नातेदारहरुमध्ये सबैभन्दा नजिकको नातामा पर्नेको प्राथमिकताक्रमलाई प्रश्रय दिनुपर्नेछ र मुलुकी देवानी संहिता २०७४ को भाग ३ परिवारिक कानुनसम्बन्धी परिच्छेद ६ को संरक्षक र परिच्छेद ७ को माथवरसम्बन्धी व्यवस्थाले निर्देशन गरे अनुसारका बालबालिकाका अधिकार संरक्षित हुने गरी हेरचाहको प्रवन्ध मिलाउनुपर्नेछ ।

(४) नजिकको नातेदारमार्फत वैकल्पिक हेरचाह सम्भव नभएमा त्यस्तो बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिको संरक्षकत्वमा रहने गरी हेरचाहको प्रबन्ध मिलाउनुपर्नेछ ।

(५) ऐनको दफा ४८ (१) को खण्ड (च) र (छ) अनुसारका बालबालिकाका लागि वैकल्पिक हेरचाहका लागि यथासम्भव परिवारमा आधारित हेरचाह गर्ने संस्थालाई प्राथमिकता दिनुपर्नेछ ।

(६) पारिवारिक हेरचाह गर्ने संस्था नभएमा बालगृहमा त्यस्ता बालबालिकाको वैकल्पिक हेरचाह गराउने प्रबन्ध मिलाउनु पर्नेछ ।

(७) गाउँपालिकाको क्षेत्रमा कसैले अनाथ, वेवारिस वा स्याहार संरक्षण गर्ने बाबुआमा वा अभिभावक नभएका बालबालिका फेला पारेमा वा रहे, भएको जानकारी भएमा अनुसूची २ बमोजिमको ढाँचाको विवरणसहित बालकल्याण अधिकारी वा स्थानीय प्रहरी कार्यालयलाई सूचना उपलब्ध गराइदिनुपर्छ ।

**११. बालगृहको स्थापना तथा सञ्चालनः** (१) गाँउपालिकाले आफ्नो क्षेत्रभित्र फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि बालगृह स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र परोपकारको उद्देश्यले कानुनबमोजिम कुनै संस्थाले अनाथ बालआश्रम/अनाथालय वा बालगृह सञ्चालनमा ल्याएको वा सञ्चालन गरेमा बालकल्याण अधिकारीले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षणार्थ पठाउन सक्नेछ । यसरी संरक्षणार्थ पठाइएको बालबालिकालाई त्यस्तो बालआश्रम/अनाथालय वा बालगृहले उचित हेरचाह तथा संरक्षणको व्यवस्था मिलाउनुपर्नेछ ।

(३) अनाथ बालआश्रम/अनाथालय वा बालगृहको भौतिक पूर्वाधार, बन्दोबस्ती जनशक्ति तथा सञ्चालन बालगृह मापदण्डबमोजिम हुनेछ ।

## परिच्छेद ५
## बाल सहभागिता तथा बाल क्लब सञ्चालन

**१२. बाल सहभागिताको अभ्यासः** (१) गाँउपालिकाले बालबालिकालाई आफुलाई असर पार्ने विषयमा आफ्नो धारणा बनाउन र व्यक्त गर्न सक्षम बनाउने प्रयोजनका लागि परिवार, समुदाय, विद्यालय, सार्वजनीक निकाय वा संस्थाबाट गरिने बालबालिका सम्बन्धी निर्णय प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवद्धन गर्नेछ ।

(२) बाल सहभागिता प्रवद्धनकालागि गाँउपालिकाबाट देहायका उपायहरु अवलम्वन गरिनेछन् :-

(क) बालबालिकासँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूलयांकनको सन्दर्भमा बालबालिकासँग वडास्तरीय सहभागितात्मक छलफल गर्ने,

(ख) बाल सुरक्षा, शिक्षा र खेलकुदलगायत तिनको प्रतिभा विकासका ठोस कार्यक्रम तर्जुमा गरी लागू गर्ने र त्यसमा बालबालिकालाई स्वैछिक रुपमा व्यवस्थापकीय भूमिका खेल्न अवसर दिने,

(ग) बालबालिकाको क्षमता तथा सीप विकास, प्रतिभा प्रस्फुटनका लागि उनीहरुकै पहलमा बालहितकारी सूचना सामाग्री, भित्तेपत्रिका प्रकाशन र रेडियो कार्यक्रम सञ्चालन गर्नमा आवश्यक स्रोतसाधन उपलब्ध गराउने,

(घ) बालबालिकाको पहलमा बाल संस्था तथा बाल क्लब दर्ताकोलागि निवेदन पर्न आएमा बाल संस्था वा बाल क्लब सञ्जाल दर्ता गरी प्रमाणपत्र निःशुल्क उपलब्ध गराउने र सञ्चालनका लागि सहजिकरण गर्ने,

(ङ) बालक्लब तथा बाल क्लब सञ्जालको नविकरण गरिदिने,

च) बाल सहभागिता र बालबालिकाको धारणा व्यक्त गर्ने र सुनवाई हुने वातावरण सिर्जना गर्न कार्यक्रम तय गर्ने र सञ्चालन गर्ने ।

**१३. बाल क्लब वा संस्था दर्ता तथा नविकरणः** (१) बालक्लब तथा संस्था सञ्चालन गर्न चाहने बालबालिकाले दर्ताको लागि गाउँपालिकामा देहायका विवरणसहित अनुसूची ३ बमोजिम निवेदन दिनुपर्नेछ :

(क) बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, टोल विकास संस्था वा वडा कार्यालय वा अध्ययनरत विद्यालय वा आश्रीत बालगृहको सिफारिसपत्र,

(ख) बालक्लव वा संस्थाको उद्देश्य तथा सो मार्फतगर्न चाहेका मूख्य कामको विवरण,

(ग) बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरुको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि तथा सञ्चालन विधिसमेत खुलेको प्रबन्धवली,

(घ) तदर्थ कार्यसमितिका पदाधिकारीको नामावली ।

(२) उपदफा (१) बमोजिम निवेदन आएमा गाँउपालिकाले बालक्लब वा संस्थादर्ता गरी अनुसूची ४ बमोजिमको दर्ता प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको बालक्लब वा संस्थाले प्रत्येक बर्ष गाँउपालिकामा देहायको विवरण खुलाई नविकरणको लागि अनुसूची ५ बमोजिम निवेदन दिन सक्नेछ :-

(क) बर्षभर आफूले गरेको मूख्य काम वा क्रियाकलापको सङक्षिप्त विवरण,

(ख) सदस्यहरु तथा कार्य समितिमा रहेका पदहरुको विवरण ।

(४) उपदफा (३) बमोजिम निवेदन आएमा गाँउपालिकाले बालक्लब वा संस्थाको नविकरण गर्नुपर्नेछ ।

(५) गाँउपालिकामा दर्ता/आबद्ध भएका बालक्लब वा संस्थाको अभिलेख अनुसूची ६ बमोजिम र नविकरण अभिलेख अनुसूची ७ बमोजिम राखिनेछ र दर्ता/आबद्धता वा नविकरण गर्नुपर्नेछ ।

(६) प्रत्येक बालक्लब वा संस्थाले विवरण नबुझाएमा वा नवीकरण नगराएमा दर्ता भएको वा पछिल्लो नविकरण गराएको मितिले दुई बर्षको अबधि नाघेपछि सो बालक्लब वा संस्था स्वतःनिष्क्रिय भई स्वविघटित भएको मानिनेछ र दर्ताअभिलेखबाट अपलेखन गरिनेछ ।

**१४. बालक्लब वा संस्थाको वर्गीकरणः** गाँउपालिकामा दर्ता हुने बालक्लब वा संस्थाको वर्गिकरण देहाय बमोजिमको हुनेछ ।

**(क) समुदायमा आधारित बालक्लबः** (१) गाँउपालिकाको निश्चित भूगोलभित्रको टोल, वस्ती, वडाभित्र विद्यालय जाने र नजाने दुबै किसिमका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर समुदायमा आधारित बालक्लब गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका बालक्लबले गाँउपालिकामा समुदायमा आधारित बालक्लबको नाममा दर्ता गर्न सक्नेछन् ।

(३) उपदफा (१) बमोजिमका बालक्लबले सम्बन्धित भूगोलभित्रको सबै उमेर, लिंग, जात, आर्थिक हैसियत कमजोर भएका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्ने र उनीहरुको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ ।

(४) समुदायमा आधारित बालक्लबमा सदस्य बन्नका लागि उक्त क्षेत्रभित्र सामान्यतः ६ महिना वा सो भन्दा बढी स्थायी वा अस्थायी बसोबास भएको हुनु पर्नेछ ।

**(ख) विद्यालयमा आधारित बालक्लबः** (१) कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बालअधिकारको संरक्षण तथा प्रर्वद्धन गर्न विद्यालयमा आधारित बालक्लब गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका बालक्लबले गाँउपालिकामा विद्यालयमा आधारित बालक्लबको नाम दर्ता हुन सक्नेछन् ।

(३) उपदफा (१) बमोजिमको बालकल्बले सम्बन्धित विद्यालयमा अध्ययनरत बसै जातजाति, कक्षा, लिंग, आर्थिक तथा शारीरिक अवश्था कमजोर बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनुपर्नेछ ।

(४) विद्यालयमा आधारित बालक्लबको सञ्चालन, व्यवस्थापन तथा मार्गदर्शनका लागि एकजना संरक्षक शिक्षक विद्यालय प्रशासनले तोक्न सक्नेछ ।

**(ग) बिषयगत बालक्लबः** (१) समुदायमा लुकेर रहेको वा समुदायमा प्रर्याप्त रुपमा सम्बोधन हुननसकेको विशिष्ट बिषयहरु जस्तै बालिकाको मात्र सवाल, बालविवाह, स्वास्थ्य तथा सरसफाई, जलवायु परिर्वतन, बालश्रम, एचआइभी एड्स र लैगिंक अल्पसंख्यक जस्ता बिषयहरुमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले बिषयगत बालक्लब गठन गर्न सकिनेछ ।

(२) बिषयगत बालक्लब विद्यालय तथा समुदायमा आधारित बालक्लबको उपसमूहको रुपमा समेत गठन गर्न सकिनेछ ।

**(घ) विशिष्टीकृत बालक्लबः** (१) अर्न्तराष्ट्रिय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरु, स्थानीय तहको विशिष्टीकृत निकायले विशेष प्रकृतिको आफ्नो संस्थागत बालक्लब गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बालक्लबको गठन र व्यवस्थापन विधि स्वयं यसको महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरुबाट सञ्चालित हुन सक्नेछ ।

**(ङ) बालगृह वा बालसुधार गृहमा आधारित बाल क्लबः** (१) बालगृह वा बालसुधार गृहमा रहेका बालबालिकाको अधिकार संरक्षण तथा सम्बर्धनका लागि बालगृह वा बालसुधार गृहमा आधारित बालक्लब गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको बालक्लबले सम्बन्धित बालगृह वा बालसुधार गृहमा रहेका सबै बाल जातजाति, कक्षा, लिंग, आर्थिक अवश्था कमजोर बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनुपर्नेछ ।

(३) बालगृह वा बालसुधार गृहमा आधारित बालक्लबको संञ्चालन, व्यवस्थापन तथा मार्गदर्शनका लागि गृह प्रमुखले एकजना संरक्षक शिक्षक वा सहजकर्ता तोक्न सक्नेछ ।

**१५. बालक्लब सञ्जाल दर्ता तथा नविकरणः** (१) गाँउपालिकामा दर्ता भएका बालक्लब वा संस्थाहरुले पालिका स्तरीय बाल सञ्जाल दर्ता गर्न चाहेमा देहायका विवरण सहित गाँउपालिकामा निवेदन दिनुपर्नेछ :-

(क) बालक्लब वा संस्थाहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) बालक्लब वा संस्थाहरुले सञ्जालको रुपमा दर्ता गर्ने सामूहिक निर्णयको प्रतिलिपि,

(ग) बालक्लब वा संस्थाहरुको सञ्जालको उद्देश्य र मूख्य क्रियाकलाप,

(घ) बालक्लब वा संस्थाको सञ्जालमा प्रत्येक बालक्लब वा संस्थाबाट समानुपातिक प्रतिनिधित्वको विधि,

(ङ) सञ्जालको सदस्य तथा कार्य समितिमा रहने पदाधिकारीको विवरण ।

(२) गाँउपालिकामा दर्ता भएका बालक्लब वा संस्थाहरुले उपदफा (१) बमोजिम बाल सञ्जाल स्थापना गर्न निवेदन दिएमा गाँउपालीकाले सञ्जालको दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) गाँउपालीकामा दर्ता भएका बाल सञ्जालले आफूले गरेका कामको संक्षिप्त विवरण, सदस्यहरुको विवरण खुलाई प्रत्येक दुई बर्षमा गाँउपालिकामा नवीकरणको लागि निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन आएमा गाँउपालिकाले बाल सञ्जालको नविकरण गर्नुपर्नेछ ।

(५) गाँउपालिकाले बाल सञ्जाललाई व्यवस्थित गर्न स्थानीय बाल अधिकार समितिको सिफारिसमा वडा वा पालिका स्तरमा बाल सञ्जाल गठन गरी कार्य गर्न दिन सक्नेछ ।

(६) बाल सञ्जाल दर्ता र नविकरण गरे वाफत कुनै शुल्क लिईने छैन ।

(७) बाल सञ्जालले ५ बर्षसम्म नवीकरण नगराएमा स्वतःनिष्किृय भई स्वविघटन भएको मानिनेछ र दर्ता अभिलेखबाट अपलेखन गरिनेछ ।

**१६. बालक्लब, संस्था वा सञ्जालको काम, कर्तव्य र अधिकाराः** (१) बाल क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) क्लबमा आवद्ध सदस्य सहित अठार बर्ष मूनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने,

(ख) बालबालिका, उनिहरुका अभिभावक र परिवारका अन्य सदस्यहरुलाई बाल अधिकारको बारेमा सचेत गराउने,
(ग) सिकाई प्रक्रियामा बाल सहभागिता अभिबृद्धि गर्दै बालबालिकामा अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्ने गराउने,
(घ) बालबालिकालाई जीवनउयोगी सीपको बारेमा जानकार गराउने,
(ङ) बालक्लबलाई बालबालिकामा रचनात्मकता र नवीन कौशल विकास गर्ने एक साझा स्थलको रुपमा स्थापित गाउने,
(च) बालबालिकाको कक्षा कोठाको सिकाइलाई वास्तविक जीवनमा रुपान्तरण गर्न सक्ने साधनको रुपमा बालक्लबलाई परिचित गराउने,
(छ) स्वास्थ्य, सरसफाई र वातावरणका क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरु सञ्चालन गर्ने,
(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न गाँउपालिकामा विभिन्न कार्यक्रमहरु आयोजना गर्ने,
(झ) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ संस्कृति र शिक्षाको संरक्षणकालागि आवाज उठाउन र सामाजिक कुरीति तथा बाल अधिकार उल्लघनको घटनाहरुको विरुद्ध रचनात्मक आवाज उठाउने,
(ञ) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नकालागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने,
(ट) गाँउपालिकामा तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतनामुलक कार्यमा सकृय सहभागिता जनाउने,
(ठ) बालमैत्री शासन प्रर्वद्धनकालागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री वडा वा पालिका अभियानमा गाँउपालिका तथा वडालाई निरन्तर सहयोग गर्ने,
(ड) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा पालिका, वडा तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने ।
(२) बाल क्लब सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) आफ्नो क्षेत्रभित्रका बालक्लबहरुको अभिलेख राख्ने तथा बालबालिकाकालागि उपयोगी हुने पुस्तकालय वा सुचना केन्द्र स्थापना तथा सञ्चालन गर्ने,
(ख) आबद्ध बालक्लबहरुको गतिविधि सञ्चालन गर्न सञ्जाललाई वडा गाँउपालिका तथा अन्य सहयोगी संस्थाहरुबाट प्राप्त आर्थिक सहयोग उपलब्ध गराउने,
(ग) विदा र फुर्सदको समय मिलाई बालक्लबहरुले सञ्चालन गरेका कार्यक्रमहरुमा अथितिको रुपमा उपस्थित भई बमलक्लबका अन्य साथीहरुलाई हौसला प्रदान गर्ने,
(घ) बालअधिकार संग सम्बन्धित विशेष अभियान तथा कार्यहरु बालक्लबहरु मार्फत प्रभावकारी रुपले सम्पन्न गर्न विभिन्न उप समितिहरुको गठन गरी सञ्जालका पदाधिकारीहरुका बीचमा कार्यविभाजन गरी काम गर्न सकारात्मक वातावरण वनाउने,
(ङ) गाँउपालिकाले स्थानीयस्तरमा बालबालिकाको अधिकारसँग सम्बन्धित योजना तर्जुमा कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण चरणहरुमा सञ्जालबाट प्रतिनिधित्वको माग गर्नुका साथै अन्य बालक्लबहरुको तर्फबाट आएको योजना तथा सुझाबहरु समेतलाई ख्याल गर्दै सञ्जालको तर्फबाट सिक्रय सहभागिता जनाउने,
(च) स्थानीयस्तरमा बालबालिकामाथि हुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, हेपाइ, सामाजिक कुरीति र विभेद जस्ता बालअधिकार हननका घटनाविरुद्ध बालक्लबको तर्फबाट आवश्यक पहल र पैरवीगर्ने साथै यस्ता किसिमका घटनाका विरुद्ध सम्बन्धित सरोकारवाला पक्षहरुको ध्यानाकषण गराउने, सहकार्य र समन्वय गर्ने,
(छ) बालक्लबहरुले आयोजना गर्ने कार्यक्रमका लागि आवश्यक स्रोतहरुको खोजी गरी सञ्जालले सहयोग माग गर्ने तथा कार्यक्रम सम्पन्न गर्न अन्य निकायहरुसँग समन्वय गर्ने,
(ज) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री वातावरण, खुला दिसामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालयमा भयरहित शिक्षण सिकाईको सम्बन्धमा बालबालिका सँगसँगै गर्ने अभियानहरुमा बाल सञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने,
(झ) बालक्लब तथा बालअधिकारको क्षेत्रमा कार्यरत अन्य संघसंस्था तथा सरोकारवालाहरु आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने,

(ञ) आफ्नो क्षेत्रभित्र रहेका बालक्लबहरुले सम्पन्न गरेका क्रियाकलापहरुको संक्षिप्त प्रतिवेदन माग गर्ने तथा सो को अभिलेख राख्ने तथा स्थानीयतह बाल अधिकार समितिमा पेस गर्ने,

(ट) बालक्लबहरु बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरुको सामूहिकरण गर्ने र एक आपसबाट सिकाइका अवसर सिर्जना गर्ने ।

(३) उपदफा (१) र (२) मा लेखिएको कुनै कुराले बलम क्लब, बाल संस्था वा बाल सञ्जालले देहाय बमोजिमका कार्यहरुमा सहभागी हुन वा गर्न गराउन पाउने छैननः-

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न,

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउज्यानमाथि क्षति पुऱ्याउन,

(ग) समुदायको निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्न,

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनियता भङ्गहुने र पहिचान खुल्ने गतिविधिहरु गर्न,

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह, वा समुदाय भन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरुमा सहभागी हुन, तर प्रतिस्पर्धा, आवासीय तालिम वा आयोजकले उचित सुरक्षा प्रवन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह, वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिनेछ,

(च) उचित सुरक्षाको प्रवन्ध र आवश्यक पूर्वअनुमति बेगर जिउज्यानमा खतरा पुग्ने साहसिक खेलहरु खेल्न खेलाउन,

(छ) बाल समुह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार वा व्यवसाय गर्न,

(ज) सिंगो परियोजना सञ्चालन गर्न वा ठुला र लामो समयका गतिविधिहरु सञ्चालन गर्न,

(झ) आर्थिक जिम्मेबारी लिई कार्य गर्न,

(ञ) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्य गर्न गराउन,

(ट) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्साई स्थानीय बाल अधिकार समितिको परामर्शमा सुरक्षा निकाय वा गाँउपालिका वा विद्यालयले रोक लगाएका कार्य गर्न गराउन ।

**१७. बालक्लब, संस्था वा सञ्जालका थप सर्त तथा जिम्मेबारीः** (१) बालक्लब, बाल संस्था वा बाल सञ्जालमा पाँच बर्ष माथिका सबै उमेरसमूह, लिङ्ग, जातजाति, अपाङ्गता भएका बालबालिका लगायत स्थानीय समाज वा समुदायको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी हुनुपर्नेछ । तर बालिकाहरु वा दफा ११ बमोजिम वर्गीकृत सदस्य मात्र रहन सक्ने गरी बालक्लब वा संस्था सञ्चालन गर्न बाधा पर्ने छैन ।

(२) बालक्लब, संस्था वा सञ्जालको सदस्यता विधानमा तोकिएको प्रक्रिया बमोजिम योग्य बालबालिका वा निजको संस्थाले सदस्यता लिन पाउने गरी खुल्ला गर्नुपर्नेछ ।

(३) बालक्लब, संस्था वा सञ्जालको नेतृत्व वा यसका क्रियाकलापमा बढीभन्दा बढी बालबालिकालाई अवसर पाउने गरी सञ्चालन गर्नुपर्नेछ ।

(४) बालक्लब, संस्था वा सञ्जालका पदाधिकारीहरुले दुई कार्यकाल भन्दा बढी पदमा निरन्तर नवसी क्रमशः अर्का बालबालिकालाई नेतृत्वको अवसर प्रदान गर्नुपर्दछ ।

(५) बालक्लब, संस्था वा सञ्जालको सदस्यता लिन वा सञ्जालमा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न हुदैंन ।

(६) बालक्लब, संस्था वा सञ्जालले आफ्ना क्लब, संस्था वा सञ्जालका सदस्यहरुको हितहुने र दीर्घकालसम्म फाइदा पुग्ने कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

(७) बालक्लब, संस्था वा सञ्जालले राजनीतिक दलका दलीय कार्यक्रममा सहभागी हुने वा त्यसको समर्थन र विरोध गर्ने कार्यक्रम सञ्चालन गर्नुहुँदैन । तर, राजनीतिक विचारधारा र दृष्टिकोणका विषयमा बौद्धिक अन्तरक्रिया, वक्तृत्वकलात्मक बहस र छलफल जस्ता कार्यक्रम आयोजना वा सञ्चालन गर्न वा सोमा सहभागी हुन यस नियमले कुनै बाधा पर्ने छैन ।

(८) बालक्लब वा संस्था र बाल सञ्जालले आफ्नो संस्थाको आर्थिक कारोबार बालक्लब वा संस्था र बाल सञ्जाल सञ्चालन गर्न सिफारिस गर्ने सम्बन्धित टोल विकास संस्था, विद्यालय, बालगृह, सामुदायिक व्यवस्थित गरिदिनुपर्नेछ । बालक्लब वा संस्था र बाल सञ्जाल आफैले कुनै पनि किसिमको आर्थिक

कारोबार गर्नु हुँदैन र अन्य कुनै व्यक्ति वा संस्थाले बालक्लब वा संस्था र बाल सञ्जाललाई आर्थिक भार पर्ने कुनै पनि दायित्व दिन वा कार्य गराउन हुँदैन ।

(९) बालक्लब वा संस्था र बाल सञ्जालसँग सहकार्यमा कुनै कार्यक्रम सञ्चालन गर्दा गराउँदा सहकार्य गर्ने सम्बन्धित संस्थाले आर्थिक दायित्व बेहोर्ने गरी सञ्चालन गर्नु गराउनुपर्नेछ ।

(१०) बालक्लब वा संस्था र बाल सञ्जालको आर्थिक पक्षको जिम्मेवारी पाएको संस्थाले सो सँग सम्बन्धित आर्थिक कारोबारको नेपाल कानून बमोजिम संस्थाले राख्ने लेखाप्रणाली बमोजिम अलग्गै लेखा तथा अभिलेख राख्नुपर्नेछ ।

**१८. बाल क्लब तथा बाल सञ्जालको स्थानीय स्तरको भेला :** (१) सार्वजनिक निकाय वा संस्थाले बालबालिकाको सुरक्षा र संरक्षणको सुनिश्चितता गरी बालक्लब वा संस्था र बाल सञ्जालको वडा, गाँउपालिका स्तरको भेला आयोजना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको भेलाका आयोजकले सहभागी हुने प्रत्येक बालबालिका, बालबालिकाको आामाबाबु, संरक्षक वा माथवरसँग अनुमतिलिई लिखित मञ्जुरीनामामा हस्ताक्षर गराउनुपर्दछ ।

(३) उपदफा (१) बमोजिमको भेला आयोजना गर्दा बालबालिकाले राती बास बस्ने गरी जानुपर्ने भएमा बालबालिकालाई परिवार वा संरक्षकको जिम्मा लगाई पठाउनु पर्नेछ । तर बालिकाको हकमा महिलाका साथ लगाइ पठाउनुपर्नेछ ।

## परिच्छेद ६
## स्थानीय बाल अधिकार समितिसम्बन्धी व्यवस्था

**१९. स्थानीय बाल अधिकार समितिको गठन :** (क) गाँउपालिकामा देहाय बमोजिमको संयोजक र सदस्य रहने स्थानीय बाल अधिकार समिति गठन हुनेछः-

| | |
|---|---|
| १) गाउँ पालिकाको उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिका सदस्य | संयोजक |
| २) सामाजिक बिकास समितिको संयोजक | सदस्य |
| ३) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ५) शिक्षा शाखा प्रमुख | सदस्य |
| ६) ईलाका प्रहरी चौकी प्रमुख | सदस्य |
| ७) समाज सेवी प्रतिनीधी | सदस्य |
| ८) बालअधिकारको क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्थाहरु मध्येवाट २ जना | सदस्य |
| ९) गाउँपालिकास्तरीय बालसंसजालवाट २ जना (१ बालिका, १ बालक) | सदस्य |
| १०) गाउँपालिका स्तरीय महिला संजाल प्रमुख वा प्रतिनिधि | सदस्य |
| ११) गाउँपालिकास्तरीय अन्तर धार्मीक संजाल संयोजक वा प्रतिनिधी | सदस्य |
| १२) सामुदायिक महिला स्वास्थ्य स्वयंसेवक मध्यबाट १ जना | सदस्य |
| १३) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |
| १४) बाल कल्याण अधिकारी | सदस्य सचिव |

ख) गाउँपालिका स्तरीय बाल अधिकार समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार एक पटकमा बढिमा ५ जना व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

ग) बाल अधिकार समिति, समितिको पदाधिकारीहरुको पदावधि पाँच वर्षको हुनेछ र निजहरु आवश्यकता र योग्यताका आधारमा पुनःनियुक्त पनि हुन सक्नेछन् ।

घ) बाल अधिकार समितिले आफ्नो कार्यलाई थप प्रभावकारी बनाउनका लागि आवश्यकता अनुसार बिषयगत समिति वा उपसमिति गठन गरि कार्य गर्न सक्नेछ ।

ङ) बाल अधिकार समितिलाई आवश्यक पर्ने कर्मचारी गाउँपालिकाले उपलब्ध गराउनेछ ।

**२०. गाउँपालिका स्तरीय बालअधिकार समितिको काम कर्तब्य र अधिकारः** (१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः(१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझावदिने,
(ग) गाँउपालिकाद्वारा सञ्चालित बालबालिकासम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
(घ) गाँउपालिका भित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा जोखिममा रहेका बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,
(ङ) गाँउपालिका भित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,
(च) बालमैत्री स्थानीय शासनको अवलम्बनका साथै बालमैत्री वडा तथा पालिका घोषणाको सिंगो नेतृत्व लिने,
(छ) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,
(ज) गाँउपालिकामा एक आर्थिक वर्षमा बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय वार्षिक प्रतिवेदन गाँउ कार्यपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने, समिति तथा गाँउपालिकामा सुरक्षित राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,
(झ) बालबालिकासम्बन्धी स्थानीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,
(ञ) समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालिम दिन तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,
(ट) गाँउपालिका मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,
(ठ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,
(ड) गाँउपालिकामा बालबालिका खोजतलास केन्द्र तथा बाल हेल्पलाइन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,
(ढ) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचीकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,
(ण) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न गाँउपालिका र अदालतलाई सहयोग गर्ने,
(त) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न
सुझाव तथा प्रतिवेदनसहित मन्त्रालयमा सिफारिस गर्ने,
(थ) गाँउपालिकाभित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शीत लहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फ्लूञ्जा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,
(द) गाँउपालिकाभित्र सञ्चालित बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरूको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

(३) बाल क्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

(४) बालबालिकालाई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

(६) बाल गृहमा आश्रित बालबालिका वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रूपमा बाल कल्याण अधिकारबाट व्यवस्था मिलाइ राखिएको छ वा छैन,

(७) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरु पालन गरेको छ वा छैन,

(८) उपलब्ध स्रोत साधनलाई मध्य नजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(९) बाल संरक्षण मापदण्ड निमार्ण गरी लागू गरिएको छ वा छैन ।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकताअनुसार वडास्तरीय बाल अधिकार समिति वा बालकल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१. **स्थानिय बालअधिकार समितिको बैठक सम्बन्धि व्यवस्था** :स्थानिय बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ :-

क) स्थानीय बाल अधिकार समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

ख) संयोजकको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउने छन ।

ग) स्थानीय बाल अधिकार समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत वा सोभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ र बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(घ) समितिकोबैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

(च) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ,

(छ) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ,

(ज) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ,

(झ) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ,

(ञ) बाल अधिकार समितिको संयोजकको कुनै कारणले रिक्त रहेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतमा वैठक संचालन हुनेछ ।

२२. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाजसेवी, सामाजिक सेवाकर्ता, शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि गाँउपालिकाको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।

२३. **वडा बाल अधिकार समिति सम्बन्धी व्यवस्थाः** (१) वडा स्तरीय बाल अधिकार समितिमा देहाय बमोजिमका संयोजक र सदस्य रहनेछन्ः-

क) बालअधिकारको संरक्षण र प्रर्बद्धन गर्नका लागि गाउँ बालअधिकार समितिको मातहतमा रहने गरि प्रत्येक वडामा भौगोलिक तथा लैंगिक समावेशिताको आधारमा देहाय बमोजिमको ९ सदस्यीय वडा बाल अधिकार समिति समेत रहनेछ

| | |
|---|---|
| १) वडा अध्यक्ष वा निजले तोकेको वडासदस्य | संयोजक |
| २) दलित/महिला सदस्य | सदस्य |
| ३) वडा स्थित स्वास्थ्य चौकी प्रमुख वा प्रतिनिधि | सदस्य |
| ४) वडामा रहेको माध्यमिक विद्यालयको प्रधानाध्यापक मध्येबाट १ जना | सदस्य |
| ५) बाल अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू मध्येबाट १ जना | सदस्य |
| ६) वडास्तरीय बाल क्लब सञ्जालबाट २ जना (१ बालक, १ बालिका) | सदस्य |
| ७) सम्बन्धित वडाको प्रहरी चौकी प्रमुख वा प्रतिनिधि | सदस्य |
| ८) वडा सचिव | सदस्य सचिव |

ख) बालबालिकासँग सम्बन्धित विषेश निर्णय गर्नुपर्ने अवस्थामा विद्यालय प्रधानध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य, घटना व्यवस्थापन कार्यकर्ता ,वडा सदस्य लगायतका अन्य स्थानीय बुद्धिजिवि र समाजसेवीलाई समेत वडास्तरीय बालअधिकार समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

ग) वडा बाल अधिकार समितिको सदस्यहरूको पदावधि पाँच वर्षको हुनेछ र निजहरू पुनःनियुक्तिको लागि ग्राह्य हुनेछन्

घ) वडा बाल अधिकार समितिको प्रशासनिक कार्य समितीको सदस्य सचिवले गर्नेछन् ।

**२४. वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार :** (१) वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्बन्धी योजना, नीति र कार्यक्रमहरूको बाल अधिकारमा आधारित सहभागितामूलक ढंगबाट निर्माण गर्ने,

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,

(ग) वडालाई बालमैत्री बनाउने सिङ्गो प्रक्रियाको नेतृत्व लिने,

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने,

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजूरीहरूको सङ्कलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने,

(च) बालबालिकासंग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने,

(छ) वडास्तरमा बालश्रम, बाल विवाह, बेचविखन, ओसारपसार, बालबालिका विरूद्द हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्यन गर्ने,

(ज) सार्वजनिक सुनुवाइका समयमा स्थानीय तहबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरूको प्रगति विवरण सार्वजनिक गर्ने,

(झ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरूको नक्सांकन गर्ने,

(ञ) बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि बहुपक्षीय निकायहरूसंग समन्वय तथा सहकार्य गर्ने,

(ट) वडामा रहेका बालक्लब, सञ्जाल, समूहको सूची तयार गरी स्थानीय बाल अधिकार समितिमा पेश गर्ने,

(ठ) वडामा सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरूको अनुगमन गरी स्थानीय बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने।

**२५. वडा बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था :** (१) वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छः-

क) वडा बाल अधिकार समितिको नियमित बैठक मासिक रुपमा सन्चालन हुनेछ र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

ख) संयोजकको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

ग) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन  दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ,

घ) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत वा सो भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(ङ) समितिकोबैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

(च) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ,

(छ) समितिको बैठकको निर्णय समितिकोअध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ,

(ज) समितिकोबैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ,

(झ) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ७

## बाल कल्याण अधिकारी

**२६. बाल कल्याण अधिकारीको नियुक्ति** : (१) गाँउपालिकाले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम बालकल्याण अधिकारी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालकल्याण अधिकारीको नियुक्त नभएसम्म गाँउपालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा अधिकृत स्तरको अन्य कुनै कर्मचारीलाई बालकल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) अनुसार नियुक्त वा उपदफा (२) अन्तर्गत तोकिएको बालकल्याण अधिकारीले स्थानीय बालअधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ ।

**२७.बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार** : बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने,

(ख) नेपाल सरकार, प्रदेश सरकार र गाँउपालिकावाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न गाँउपालिका र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने,

(ग) गाँउपालिकाभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने,

(घ) गाँउपालिकाका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्दार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने,

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बालअधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने,

(च) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका रूपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण स्थानीय तहबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्मा उपलब्ध गराउने,

(छ) बालबालिका विरुद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ज) ऐनको दफा ४९ बमोजिम गाँउपालिकाभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन स्थानीय बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने,

(झ) गाँउपालिकामा भएका बालअधिकार उल्लङ्घनका घटनामा बालबालिकाको तत्काल उद्दार, राहत, संरक्षणर घटना व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

(ञ) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने,

(ट) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेस गर्ने,

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने,

(ड) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरी खण्ड (ग), (झ), (ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बालअधिकार समिति र राष्ट्रिय बालअधिकार परिषदमा पेश गर्ने,

(ढ) गाँउपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने ।

(ण) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

## परिच्छेद ८

## बाल मनोविज्ञ, समाजसेवी तथा सेवाप्रदायकसम्बन्धी व्यवस्था

२८. **समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्ति** : (१) गाँउपालिका क्षेत्रभित्र समाजसेवी तथा बालमनोविज्ञको रूपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बाल अधिकार समितिसमक्ष आफ्नो नाम सूचीकृत गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सूचीकृत गर्नका निमित्त स्थानीय बालअधिकार समितिले आवश्यक कागजात तथा विवरण खुलाई सूचना जारी गर्नेछ ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रूपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा विवरणसहित स्थानीय बालअधिकार समितिमा निवेदन दिनुपर्नेछ ।

(४) उप-दफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझबाट तोकिएको न्यूनतम योग्यता पुगेका निवेदकहरूलाई समाजसेवी वा बालमनोविज्ञका रूपमा सूचीकृत गरी स्थानीय बाल अधिकार समितिले सोको सूचना प्रकाशन गर्नेछ ।

(४) सूचीकृत समाजसेवी र बालमनोविद मध्येबाट सम्बन्धित क्षेत्रमा काम गर्ने समाजसेवी र बालमनोविज्ञको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा अन्य निकायको हकमा सम्बन्धित निकायका लागि तोकिएको वा तोकिएबमोजिम र गाँउपालिका अन्तगर्गतको कामको हकमा स्थानीय बालअधिकार समितिको सिफारिसमा गाँउपालिकाले तोकेबमोजिम हुनेछ ।

२९. **सेवाप्रदायकको नक्साङ्कन तथा सूचीकरण** : (१) गाँउपालिकामा रही बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धनमा काम गर्ने संस्थाहरूलाई गाँउपालिकाले सूचीकृत गनुपर्नेछ ।

(२) उपदफा (१) सूचीकृत हुन संस्थाहरूले स्थानीय बालअधिकार समितिमा आवश्यक कागजात तथा विवरणसाथ निवेदन गर्नेछन् ।

(३) उप-दफा (२) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ स्थानीय बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरूलाई सेवा प्रदायक निकायको रूपमा गाँउपालिका स्तरीय बालअधिकार समितिले सूचीकृत गरेको सूचना प्रकाशन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवाप्रवाहको अवसर प्रदान गर्नेछ ।

## परिच्छेद ९
## बाल कोष सञ्चालन तथा व्यवस्थापन

**३०. बालकोष** : (१) विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसापीडित बालबालिकाको सहयोगार्थ गाँउपालिका स्तरमा एक बाल कोष रहनेछ।

(२)उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्

(क) गाँउपालिकावाट वार्षिक रूपमा विनियोजित बजेट

(ख) संघसंस्थाबाट प्राप्त हुने सहायता

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता

(घ) स्थानीय न्यायिक समितिबाट बालअधिकार प्रचलन गराउने सिलसिलामा बालबालिकाविरूद्ध भएको उल्लङ्घन वापत साबालक व्यक्तिलाई गरिएको जरिवाना रकम

(ङ) बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(च) अन्य तोकिएका आम्दानी

**३१. कोष सञ्चालक समिति** : (१) गाँउपालिकामा बालकोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बालकोष सञ्चालक समिति रहनेछः-

| | |
|---|---|
| (क) संयोजक, स्थानीय बाल अधिकार समिति, | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) लेखा प्रमुख | - सदस्य |
| (घ) स्थानीय बाल अधिकार समितिका सदस्य मध्ये समितिले तोकेको १ जना | - सदस्य |
| (ङ) बाल कल्याण अधिकारी | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

**३२. बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार** : बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ।

(क) तत्कालीन समयमा गाँउपालिकाभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका गाउँपालिकास्तरीय बालसंरक्षण समिति, गाउँ बालसंरक्षण समिति र वडा बालसंरक्षण समितिका नाममा रहेको बाल उद्धार कोषको नाममा रहेको सबै कोष रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने, गराउने,

(ख) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(घ) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(छ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(झ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ट) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने।

**३३. बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था** : समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम यम गरिएको छ :-

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ग) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरुलाई दिनु पर्नेछ,

(घ) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ,

(ङ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ,

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ,

(छ) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ,

(ज) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ,

(झ) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

३४. **कोषको प्रयोग प्रयोजन** : (१) बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हकहित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन,

(२) बालकोषबाट गरिने बालबालिकाको सहयोगका लागि कोष सञ्चालक समितिले तोके बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

३५. **बालकोषको खर्चका सीमा** : (१) बालकोषको रकम देहायका अवस्थामा कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिने छः

(क) हिंसा पीडित बालबालिकालाई अधिकतम रू.१० हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि

(ख) हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च अधिकतम रू. २५ हजार सम्म

(ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवं सामाजिक संरक्षण वापत अधिकतम प्रति बालबालिका रू. ५ हजार सम्म

(घ) विशेष परिस्थितिमा बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिको निर्धारण गरे बमोजिम हुनेछ ।

(२) बालकोषको रकम तालिम, गोष्ठी, बैठकभत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइने छैन ।

३६. **कोषको खाता सञ्चालन** : (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट बैकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा संचालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता सञ्चालनका लागि गाँउपालिकाकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

(४) गाँउपालिकामा प्रचलित कानून अनुसार बाल कोषको छुट्टै खाता सञ्चालन नहुने अवस्थामा गाँउपालिकाको फ्रिजनहुने खाताबाट उक्त बाल कोषको कारोबार संचालन हुनेछ ।

३७. **कोषको लेखा र लेखा परीक्षण** : (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

## परिच्छेद-१०
## विविध

**३८. स्रोतको व्यवस्थापन** : गाँउपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा संवर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

**३९. प्रोत्साहन पुरस्कारको व्यवस्था** : बाल अधिकारको संरक्षण तथा संवर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई स्थानीय तहले पुरस्कार दिन वा संघसंस्थालाई आर्थिक सहयोग प्रदान गर्न सक्नेछ ।

**४०. यसै कार्यविधि बमोजिम भए गरेको मानिने** : गाँउपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्बर्धन प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन ।

## अनुसूची १

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| बालविकास शिक्षा चारवर्षे शिशु | प्रदायक संस्था | | | | | क्षमता |
| | सहभागी शिशु/असहभागी शिशु | | | | | अनुपात |
| | जनशक्ति सक्षमता/योग्यता | | | | | शैक्षिक योग्यता |
| | दिवा खाजा | | | | | क्यालोरी |
| | आवास र विद्यालय दूरी | | | | | मीटर |
| | बालशिक्षामा घरधुरी खर्च | | | | | रकम |
| आधारभूत शिक्षा | प्रति कक्षा भर्ना (नयाँ) | | | | | |
| | उत्तीर्ण अनुत्तीर्ण | | | | | |
| | विद्यालय छोडाई | | | | | |
| | विद्यालय बाहिरका बालबालिका | | | | | |
| | दिवा खाजा | | | | | क्यालोरी |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| | आवास र विद्यालय दूरी | | | | | मीटर |
| | शुरु भर्ना र शिक्षा सम्पन्नता उत्तीर्ण | | | | | |
| | माध्यमभाषा (विषयगत रुपमा | | | | | |
| | निःशुल्क पाठ्यपुस्तक आपूर्ति | | | | | |
| | निःशुल्क शैक्षिक सामाग्री आपुर्ति | | | | | |
| | विषयगत जनशक्ति र विद्यार्थी | | | | | |
| | विधुतीय माध्यमको प्रयोग | | | | | प्रकार |
| | शिक्षामा घर धुरी खर्च | | | | | रु |
| माध्यमिक शिक्षा | प्रति वर्ष भर्ना (नयाँ) | | | | | |
| | उत्तीर्ण अनुत्तीर्ण | | | | | |
| | विद्यालय छोडाई | | | | | |
| | विद्यालय बाहिर बालबालिका | | | | | |
| | आवास र विद्यालय दूरी | | | | | मीटर |
| | सुरु भर्ना र शिक्ष सम्पन्ता उत्तीर्ण | | | | | |
| | माध्यम भाषा (विषयगत रुपमा) | | | | | प्रकार |
| | निःशुल्क पाठ्य पुस्तक आपूर्ति | | | | | |
| | विषयगत जनशक्ति र विद्यार्थी | | | | | िवषय |
| | प्राविधिक शिक्षा विषय र विद्यार्थी | | | | | िवषय |
| | विधुतीय माध्यमको प्रयोग | | | | | प्रकार |
| | शिक्षामा घरधुरी खर्च | | | | | रकम |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| वैकल्पिक शिक्षा/परम्परागत शिक्षा | प्रदायक संस्था | | | | | प्रकार |
| | प्रति कक्षा विद्यार्थी | | | | | उमेर |
| | विषय र शिक्षण माध्यम | | | | | प्रकार |
| | शिक्षण विधि | | | | | प्रकार |
| | विषयगत जनशक्ति र विद्यार्थी | | | | | अनुपात |
| | प्राविधिक शिक्षा विषय र विद्यार्थी | | | | | अनुपात |
| | विधुतीय माध्यमको प्रयोग | | | | | प्रकार |
| | शिक्षामा घरधुरी खर्च | | | | | रकम |
| खेलकुद | बालबालिकाको खेल रुची | | | | | प्रकार |
| | विद्यालयमा उपलब्ध खेलकुद सामाग्री | | | | | |
| | विद्यालयमा उपलब्ध खेल र विश्राम समय (घण्टामा) | | | | | |
| | समुदायमा खेलकुद सहभागिता | | | | | |
| अपाङ्गतामैत्री सेवाप्रवाह | अपाङ्गतामैत्री भौतिक संरचना | | | | | प्रकार |
| | अपाङ्ग सहायक उपकरण | | | | | प्रकार |
| | अपाङ्गतामैत्री शिक्षण विधीको प्रयोग | | | | | प्रकार/अनुपात |
| | अपाङ्गतामैत्री शिक्षामा विद्यार्थी | | | | | |
| यौन तथा प्रजनन | यौन तथा प्रजनन स्वास्थ्य शिक्षा | | | | | प्रकार |
| | स्वास्थ्य संस्थामा सुत्केरी भएको | | | | | |
| | प्रसुतीकर्मी बाट गराएको सुत्केरी | | | | | |
| | अन्य सुरक्षित सुत्केरी | | | | | |
| | गर्भवतीको स्वास्थ्य जाँच | | | | | पटक |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| | र्गभवती महिला | | | | | |
| | चिकित्सात्मक गर्भपतन | | | | | |
| | गैर चिकित्सात्मक गर्भपतन | | | | | |
| | अनिच्छित वा जबरजस्ती गर्भधारण | | | | | |
| | परिवानियोजनको  साधनको आपुर्ति | | | | | प्रकार |
| | नियोजन साधन कमीवाट गर्भधारण | | | | | |
| | न्यूनतौलमा जन्मेका नवजात | | | | | |
| | जन्मपछि नवजात मृत्यु | | | | | |
| | सुत्केरी हुँदा आमाको मृत्यु | | | | | |
| | शिशु जन्म अभिलेख | | | | | |
| | गोप्यता कायम संकेतको प्रयोग | | | | | |
| | वास्तविक नामको खुलासा | | | | | |
| | अन्य पक्षवाट नामको खुलासा | | | | | |
| | दुईवर्ष पूरा स्तनपान गर्न पाएका बालबालिका | | | | | |
| | स्वच्छ खानेपानी पुगेको घरधुरीका बालबालिका | | | | | |
| | स्वास्थ्य र पोषण शिक्षा/सुचना | | | | | |
| | नियमित बालबालिका स्वास्थ्य जाँच | | | | | |
| | सुरु छ महिना अटुट शिशु स्तनपान | | | | | |
| | बालबालिकालाई पोषण आपूर्ति | | | | | |
| | खोप लगाएका बालबालिका | | | | | |
| | पाँच वर्ष मुनिका शिशुको मृत्यु | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| | कम तौल वा कुपोषित पाँच वर्ष मुनिका शिशु | | | | | |
| रोकथाम उपचार र नियन्त्रण | लाग्ने तथा सर्ने रोग बारेको सचेतना प्रवर्द्धनमा जनसहभागिता | | | | | प्रकार |
| | खोप लगाएका जनसाधारण | | | | | प्रकार |
| | रोगको रोकथाममा सहभागिता | | | | | |
| | यकिन गरिएको रोगको उपचारबाट निको भएका बालबालिका | | | | | |
| | दुर्व्यसनीमा समेल बालबालिका | | | | | प्रकार |
| | मानसिक स्वास्थ्य सेवा प्रवाह | | | | | |
| | मानसिक स्वास्थ्य सेवा लाभान्वित | | | | | |
| | आपत्कालीन सेवाबाट लाभान्वित | | | | | |
| | विशेषज्ञ सेवा लाभान्वित | | | | | प्रकार |
| | सेवाप्रदायक संस्था र क्षमता | | | | | प्रकार |
| | स्वास्थ्य जनशक्ति र सेवाग्राही | | | | | |
| | स्वास्थ्य बिमामा बालसहभागिता | | | | | |
| जन्मप्रमाण दर्ता | बालबालिकाको जन्मअभिलेखन | | | | | |
| | जन्मदर्ता पञ्जिकरण | | | | | |
| | आमाको नामबाट मात्र जन्मदर्ता | | | | | |
| | आमाबाबु बेठेगाना जन्मदर्ता | | | | | |
| संरक्षकत्व | दुबै बाबु आमा साथ रहेका | | | | | |
| | आमाको मात्र संरक्षकत्वमारहेका | | | | | |
| | स्वैच्छिक संरक्षकत्वमा रहेका | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| | माथवरको संरक्षकत्वमा रहेका | | | | | |
| | क्षेत्रभित्र धर्मपुत्र/पुत्री रहेका | | | | | |
| | धर्मपुत्रपुत्री भइ क्षेत्रबाहिर गएका | | | | | |
| | विशेष संरक्षणमा रहेका | | | | | |
| | बालश्रमविरुद्धको कारबाई | | | | | |
| | बालसंरक्षण मापदण्ड लागू संस्था | | | | | |
| | मापदण्ड उल्लङ्घन विरुद्ध कारवाई | | | | | |
| सहभागिता | विद्यालयका निर्णयमा | | | | | |
| | न्यायिक निर्यायमा | | | | | |
| | सार्वजनिक संस्थागत निर्णयमा | | | | | |
| | बालक्लब दर्ता | | | | | |
| | सार्वजनिक समारोहमा सहभागिता | | | | | |
| नयायिक अधिकार प्रचलन | विद्यालयमा बालमैत्री वातावरण | | | | | |
| | बालमैत्री संरचना निर्माण र मर्मत | | | | | |
| | निर्यायपूर्व प्रभावितको धारण बुझ्ने | | | | | |
| | संरक्षकीय अभिमतको अवसर | | | | | |
| | उमेर सापेक्ष बोलीवचन र व्यवहार | | | | | |
| | मातृभाषिक दोभाषेको सेवा | | | | | |
| | निर्णय पूर्व प्रभावितको धारणा बुझ्ने | | | | | |
| | **अनुसन्धान निगरानी** | | | | | |
| | परिवार वा संरक्षकसँगै राखी अनुसन्धाान गरिएका मुद्धा | | | | | |
| | परिवार वा संरक्षकलाई जनाउ | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| | नियन्त्रणमा लिइएका बालबालिका | | | | | |
| | नियन्त्रण लिन प्रयुक्त तरिका, बल तथा सरसाधन | | | | | |
| | उपलब्ध बालमनोविद | | | | | |
| | उपलब्ध सामाजिक सेवा | | | | | |
| | अनुसन्धानार्थ निगरानीको अवधि | | | | | |
| | निगरानी कक्षको भौतिक प्रबन्ध | | | | | |
| | अभिभावक भेटघाट (घण्टा) | | | | | |
| | कानूनव्यवसायीको भेटघाट (घण्टा) | | | | | |
| | सहयोगार्थ अभिभावको बसाई | | | | | |
| | भिन्दै अनुसन्धान एकाई र जनशक्ति | | | | | |
| | बालन्यायमा प्रशिक्षित जनशक्ति | | | | | |
| | **पीडित बालबालिका** | | | | | |
| | फौजदारी कसुर वा कसुरजन्यकार्यबाट पीडित बालबालिका | | | | | |
| | वारदातबाटै उद्धार गरिएका बालबालिका | | | | | |
| | अनुसन्धानमा सहयोगी रहेका पीडित बालबालिका | | | | | |
| | पीडिठतको अधिकार बारे सुसूचित गरिएका बालबालिका | | | | | |
| | उपलब्ध बाल मनोविद् | | | | | |
| | उपलब्ध सामाजिक सेवा | | | | | |
| | निजी कानून व्यवशायीको सेवा | | | | | |
| | **दिशान्तर** | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| | दिशान्तर गरिएका मुद्धा | | | | | |
| | अवलम्वित उपाय | | | | | |
| | सफल दिशान्तर | | | | | |
| | आरोपित बालबालिका | | | | | |
| | पीडित बालबालिका | | | | | |
| | पीडित वयस्क | | | | | |
| | दिशान्तर उल्टी भएका मुद्धा | | | | | |
| | **अभियोजन** | | | | | |
| | प्रतियाचना सौदाबाजी (प्लिबार्गेनिङ) समाविष्ट गरी अभियोजित मुद्धा र बालबालिका | | | | | |
| | सुधारगृहमा राख्ने बाहेक अन्य स्वरुपका सजाय प्रस्तावित अभियोजन गरिएका मुद्धा र बालबालिका | | | | | प्रकार |
| | सुधार गृहमै राखी पुर्पक्ष तथा निरुपण हुन अभियोजन गरिएका मुद्धा र बालबालिका | | | | | |
| | **पुर्पक्ष र निरुपण** | | | | | |
| | **पीडित बालबालिका सम्बन्धी** | | | | | |
| | बालबालिका विरुद्ध भएका कसुर का मुद्धा | | | | | |
| | फौजदारी मुद्धा रहेका पीडित बालबालिका | | | | | मुद्धाका प्रकार |
| | कारवाईमा सहभागी रहेका पीडित बालबालिका | | | | | |
| | पीडितको अधिकार बारे सुसूचित गरिएका बालबालिका | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| | प्रतिवादीको प्रत्यक्ष उपस्थितिमा पीडित कारबाईमा सरिक भएका मुद्धा | | | | | |
| | प्रतिवादीको उपस्थिति अप्रत्यक्ष तुल्याइएका मुद्धा | | | | | |
| | **कसुर जन्य कार्यका आरोपित बालबालिका सम्बन्धी** | | | | | |
| | अभिभावको उपस्थितिमा पुर्पक्ष भएका मुद्धा र बालबालिका | | | | | |
| | अभिभावकको उपसिथति नरहेका मुद्धा र बालबालिका | | | | | |
| | आफै कानून व्यवशायी राखेका बालबालिका र मुद्धा | | | | | |
| | बाल इजलासको पूर्णतामा पुर्पक्ष भएका मुद्धा र बालबालिका | | | | | |
| | नयायाधीशमात्रको इजलासबाट पुर्पक्ष भएका मुद्धार बालबालिका | | | | | |
| | बन्द तथा खुला इजलासबाट पुर्पक्ष भएका मुद्धा र बालबालिका | | | | | |
| | पुर्पक्षका लागि तारिखमा रहने गरी अभिभावकको जिम्मा दिएका बालबालिका | | | | | |
| | ससर्त अभिभावको जिम्मा लगाइएका बालबालिका | | | | | |
| | अन्य अधिकारी वा सुपरिवेक्षणमा समुदायमै रहन अनुमति दिइएका बालबालिका | | | | | |
| | पुर्पक्षार्थ सुधार गृहमा रहन पठाइएका बालबालिका | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| | सामाजिक अध्ययन प्रतिवेदन प्राप्त बालबालिका र मुद्धा | | | | | |
| | मनोबैज्ञानिक अध्ययन प्रतिवेदन प्राप्त बालबालिका र मुद्धा | | | | | |
| | पीडित प्रभाव प्रतिवेदन प्राप्त बालबालिका र मुद्धा | | | | | |
| | सजायपूर्वको प्रतिवेदन प्राप्त बालबालिका र मुद्धा | | | | | |
| | पुर्पक्षबाट प्रतिवादीले पूर्ण सफाई पाएका बालबालिका र मुद्धा | | | | | |
| | पुर्पक्षवाट आंशिक बालबालिकाले सफाई पाएका बालबालिका र मुद्धा | | | | | |
| | १२० दिन भत्र निरुपण सम्पन्न मुद्धा | | | | | |
| | सजाय स्वरुप ससर्त अभिभावको जिम्मा लगाईएका बालबालिका र मुद्धा | | | | | |
| | सेवाप्रदायकवाट अभिमुखीकरण गराउने गरी सजाय स्थगन गरिएका बालबालिका र मुद्धा | | | | | |
| | मनोसामाजिक परामर्श गराउने गरी सजाय स्थगन भएका बालबालिका र मुद्धा | | | | | |
| | अभिभावक वा विद्यालय वा संस्थागत निगरानीमा तोकिएको सर्त र अवधिका लागि रहने गरी सजाय स्थगन भएका बालबालिका र मुद्धा | | | | | |
| | सामुदायिक सेवाको सजाय पाएका बालबालिका र मुद्धा | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| | सुधारगृहमा रहने सजाय पाएका बालबालिका र मुद्दा | | | | | |
| | **बालगृह/बालसुधार सम्बन्धी** | | | | | |
| | गृहको भौतिक क्षमता बालबालिकाको आवासक्षेत्र/दिवा समयमा बालबालिकाले घुमफिर गर्न पाउने क्षेत्र/खेलकुद क्षेत्र/करेसाबारी/व्यवस्थापन र सुरक्षा क्षेत्र | | | | | |
| | गृहको जनशक्ति | | | | | प्रकार/योग्यता |
| | प्रशिीक्षत जनशक्ति | | | | | |
| | गृहमा उपलब्ध सेवाहरु | | | | | प्रकार/प्रतिदिन कार्य घण्टा |
| | पुर्पक्षार्थ सुधार गृहमा रहन पठाइएका बालबालिका र मुद्धा | | | | | |
| | सजाय स्वरुप सुधारगृहमा राखिएका बालबालिका र मुद्धा | | | | | प्रकार |
| | अभिभावक भेटघाट (घण्टा) | | | | | |
| | कानून व्यवशायीको भेटघाट (घण्टा) | | | | | |
| | सहयोगार्थ अभिभाकको बसाइ | | | | | |
| | सुधार कार्यक्रम | | | | | प्रकार |
| | बालबालिकाको व्यवहारमा आएको सुधार | | | | | मुद्धा र प्रकार |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| | व्यवहारको सुधारका आधारमा अवधि घटाउन वा छुट दिन वा स्वरुप परिवर्तनका लागि सिफारिस गरिएका बालबालिका र मुद्दा | | | | | |
| | सजायको स्वरुप परिवर्तन भइ समुदायमा आएका बालबालिका | | | | | |
| | उपचारार्थ आवासीय पुनःस्थापनामा पठाइएका बालबालिका | | | | | |
| | अदालतबाट बाँकी सुधार अवधि छुट भई छुटकारा पाएका बालबालिका | | | | | प्रकार |
| | छुटकारा पूर्व तयारी कार्य र बालबालिकाको सहभागिता | | | | | |
| | पारिवारिक पुनर्मिलनमा पठाइएका बालबालिका | | | | | |
| | सप्ताहान्त बास गर्ने बालबालिका | | | | | |
| | समुदायमा पुनः स्थापित गरिएका बालबालिका | | | | | |
| विशेष संरक्षण पुनःस्थापना | विशेष संरक्षको खाँचोमा रहेका बालबालिका | | | | | |
| | उद्धार गरिएका बालबालिका | | | | | |
| | अस्थायी संरक्षण उपलब्ध गराईएका बालबालिका | | | | | |
| | स्वास्थोपचार गरिएका बालबालिका | | | | | |
| | परिवारिक सहयोग | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| | वैकल्पिक हेरविचारको प्रबन्ध गरिएका बालबालिका | | | | | |
| | नातेदार मार्फत बैकल्पिक हेरचाह | | | | | |
| | इच्छुक परिवारद्धारा हेरचाह | | | | | |
| | परिवारमा हेरचाह गराउने संस्था | | | | | |
| | परिवारमा हरेचाह गरउने संस्था मार्पत हेरचाहमा रहेका बालबालिका | | | | | |
| | सशयोग प्रयोजन | | | | | |
| | बालगृह | | | | | |
| | बालगृहमा बेकल्पिक हेरचाह भएका बालबालिका | | | | | |
| | बालगृहबाट पारिवारिक पुनर्मिलन गराइएका बालबालिका | | | | | |
| | सामाजिक पुनरेकीकरण गरीएका बालबालिका | | | | | |
| | पुनःस्थापना गरिएका बालबालिका | | | | | |
| अधिकार प्रचलन | न्यायिक समितिमा परेका निवेदन | | | | | प्रकार |
| | अधिकार प्रचलन गराउन गरिएको आदेश | | | | | |
| | अधिकार प्रचलन गराउनका लागि अन्य स्थानीय तहको न्यायिक समितिलाई लेखि पठाएको कार्य | | | | | |
| | अर्को स्थानीय तहवाट लेखी आएको अधिकार प्रचलन गराउने कार्य | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेश्रो | |
| | बालबालिकाका लागि गरिएको बैकल्पिक बन्दोबस्त | | | | | |
| | अधिकार प्रचलनका लागि निवेदन | | | | | |
| | अधिकार प्रचलनार्थ जारी आदेश | | | | | |
| | खारेज भएका निवेदन | | | | | |
| | दायित्व पूरा नगर्नेलाई भएको सजाय | | | | | |
| | बालाबालिकालाई भराइएको क्षेतिपुर्ति | | | | | |
| | बालबालिकाका लागि गरिएको बैकल्पिक बन्दोबस्त | | | | | |
| पीडित बालबालिकाको पुनःस्थापना | स्वास्थ्यपोचार गरिएका बालबालिका | | | | | |
| | पारिवारिक सहयोग | | | | | |
| | सहयोग प्रायोजन | | | | | |
| | पुनःस्थापनाकेन्द्र | | | | | |
| | पुनस्थापनाकेन्द्र हेरचाह भएका बालबालिका | | | | | |
| | पुनःस्थापनागृहवाट पारिवारिक पुनर्मिलन गराइएका बालबालिका | | | | | |
| | पुनःसामाजिक पुनरेकीकरण गरिएका पीडित बालबालिका | | | | | |

## अनुसूची २

## अनाथ, बेवारिस वा स्याहार संरक्षण गर्ने बाबुआमा वा अभिभावक नभएको बालबालिका सम्बन्धी सूचना

श्री बालकल्याण अधिकारी/ ..............प्रहरी कार्यालय
................. पालिका
............... जिल्ला

विषयः बेवारिस अवस्थामा बालबालिका फेला परेकोले उद्दार तथा संरक्षणार्थ प्रस्तुत गरेको

महोदय,

................ जिल्ला ............... पालिकावडा नं. ' मा मिति........................ बजेको समयमा बेवारिस अवस्थामा रहेको देहायबमोजिमको विवरणको बालबालिका फेला परेको हुनाले निजको तत्काल उद्धार तथा संरक्षणको व्यवस्था हुन यो जानकारी निवेदन गरेको छुः

फेला परेको बालबालिकाको नाम थरः
हुलियाः
उचाइः
उमेरः
लिङ्गः
शारीरिक अवस्थाः
सक्षमताः
बालबालिकासम्बन्धी थाहा हुन आएको अन्य कुराः

फेला पार्ने व्यक्तिको नाम थरः
ठेगानाः
सम्पर्क नम्बरः
हस्ताक्षरः

अनुसूची ३

**संस्था/बाल क्लव/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा**

मितिः

श्री गाउँपालिका अध्यक्ष ज्यू
बोगटान फुड्सिल गाँउपालिकाको कार्यालय
चमरा चौतारा, डोटी ।

विषयः संस्था/बाल क्लब/सञ्जाल दर्ता/आबद्धता गरी पाऊँ भन्ने बारे ।

महोदय,

हामीले ........................................... नामको संस्था/बाल क्लव/सञ्जाल खोल्न चाहेकोले "बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७८(संशोधन २०८१) ले गरेको व्यवस्था बमोजिमसंस्था/बाल क्लब/सञ्जाल सूचीकृत/आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन पेस गरेका छौं ।

प्रस्तावित संस्था/बाल क्लब/सञ्जालको विद्यान दुईप्रति, सिफारिस, संस्था/बाल क्लब/सञ्जाल आवद्धता अभिलेख फारम समिति तथा समूहका पदाधिकारीहरूको नामावली, जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ ।

भवदीय
अध्यक्ष

अनुसूची ४

# संस्था/बाल क्लव/सञ्जाल दर्ता सूचीकृत प्रमाणपत्र

# बोगटान फुड्सिल गाँउपालिका

# चवराचौतारा, डोटी

# सुदुरपश्चिम प्रदेश नेपाल

# दर्ता/आवद्धता प्रमाणपत्र

आवद्धता नं. मितिः

श्री ……… संस्था/बाल क्लव/ संञ्जाल

……….जिल्ला………………………………………… बोगटान फुड्सिल गाँउपालिका……………वडा नं…………को …………………………………………………………………विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा गठन भएको………………………………………………………………………………………………………संस्था/बाल क्लव/सञ्जाललाई यस बोगटान फुड्सिल गाँउपालिकामा आवद्धता गरी पालिकाको बाल अधिकार संरक्षण तथा प्रबर्द्धन कार्यविधि २०७८(संशोधन २०८१) को .दफा … को व्यवस्थाअनुसार दर्ता/आवद्धताको प्रमाणपत्र प्रदान गरिएको छ ।

बालअधिकारको संरक्षण र कार्यमा संविधान तथा कानुनको अधीनमा रही यस गाँउपालिकाको बालमैत्री अभियानमा यहाँहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने
नामः
पदः
दस्तखतः

## अनुसूची ५
## संस्था/बाल क्लव/सञ्जाल नवीकरणको लागि निवेदनको ढाँचा
## निवेदन पत्रको ढाँचा

मितिः

श्री गाउँपालिका अध्यक्ष ज्यू
बोगटान फुड्सिल गाँउपालिकाको कार्यालय
चमरा चौतारा, डोटी ।

विषयः संस्था/बाल क्लब/सञ्जाल नवीकरण गरी पाऊँ भन्ने बारे ।

महोदय,

..........विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा आधारित हाम्रो ........................................ नामको संस्था/बालक्लव/सञ्जाल मिति..................मा दर्ता नं .... साथ दर्ता/आबद्ध भै क्रियाशील रहँदै आएकोमा सोको समयावधि ....मा समाप्त हुने/भएको छ । बाल क्लब/सञ्जाल नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो संस्था/बाल क्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापको संक्षिप्त विवरण, संस्था/बाल क्लब/सञ्जालमा रहेका सदस्यहरु तथा कार्यसमितिमा रहेका पदाधिकारीको विवरण यसैसाथ संलग्न गरिएको छ ।

भवदीय
अध्यक्ष

## अनुसूची -६

## संस्था/बाल क्लव/सञ्जाल दर्ता/आबद्धता

| क्र(सं. | संस्था/बाल क्लव/सञ्जालको नाम | ठेगाना | संस्था/बाल क्लव/सञ्जालमा सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचिकृत नं. मिति | सम्पर्क नं. | प्रमाण पत्र बुझ्नेको नाम | प्रमाणित गर्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची ७

## संस्था/बाल क्लव/सञ्जाल सूचीकरण नवीकरणको दर्ता किताव

| क्र(सं. | संस्था/बाल क्लव/सञ्जालको नाम | ठेगाना | संस्था/बाल क्लव/सञ्जालमा सदस्य संख्या | | संरक्षक को नाम | स्थापना मिति | सूचिकृत नं. मिति | सम्पर्क नं. | प्रमाण पत्र बुझ्नेको नाम | प्रमाणित गर्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची ८
बाल सन्जाल सन्चालन बिधान

आज्ञाले
.........................
स्वीकृत मितिः
प्रमुख प्रशासकीय अधिकृत